# त्रिभुवन विश्वविद्यालय बुलेटिन

# Tribhuvan University Bulletin

वर्ष:४२ २०६६ कात्तिक अङ्क :३

## दुई विश्वविद्यालयबीच सहयोग सम्बन्धी सम्झौता

काठमाडौं । त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयबीच शैक्षिक, अनुसन्धान एवं अन्य प्राज्ञिक क्षेत्रमा आपसी सहयोगसम्बन्धी सम्झौता भएको छ ।

सो सम्बन्धी सम्झौतापत्रमा त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुरेशराज शर्माले असोज २२ गते हस्ताक्षर गर्नुभयो ।



त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुरेशराज शर्मा दुई विश्वविद्यालयबीच शैक्षिक, अनुसन्धान एवं अन्य प्राज्ञिक क्षेत्रमा आपसी सहयोगसम्बन्धी सम्झौतापत्र आदान प्रदान गर्नुहुँदै । *(तस्वीरः त्रि.वि. सूचना शाखा)*

नर्वे सरकारको सहयोगमा ती दुई विश्वविद्यालयमा संचालित नोमा र नुफु आयोजनाको संयुक्त बैठक तथा अन्तरक्रिया कार्यक्रमको क्रममा उक्त सम्झौता भएको हो ।

नोमा र नुफू आयोजनाअन्तर्गत त्रि.वि. र का.वि.मा स्नातकोत्तर तहका कार्यक्रमका साथै अनुसन्धानात्मक कार्यक्रमहरू संचालित छन् ।

त्रि.वि. वन विज्ञान अध्ययन संस्थान र काठमाडौं विश्वविद्यालयद्वारा संयुक्त रूपमा आयोजित सो बैठकको पहिलो सत्रलाई सम्बोधन गर्दै त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले सन् १९९८ मा युनेस्कोले उच्च शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन गरेपश्चात अहिले विश्वव्यापी रूपमै उच्च शिक्षालाई गुणात्मक ढंगले अगाडि बढाउने अभियानकै रूपमा अगाडि बढिरहेको बताउनुभयो ।

उहाँले विकासशील राष्ट्रका विश्वविद्यालयहरू बीच आपसमा सहयोग र समझदारी अभिवृद्धि गरी विकास गर्ने सोच नर्वेबाट प्रारम्भ भएकोमा खुशी व्यक्त गर्नुभयो।

त्यसै गरी काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुरेशराज शर्माले नर्वेको सहयोगमा हाल नेपाललगायतका विकासशील देशहरूमा संचालन भइरहेको कार्यक्रमबाट नेपालले पनि लाभ उठाउन सक्नुपर्ने बताउँदै नर्वेको सहयोगमा का.वि.मा स्नातकोत्तर तहको इन्जिनीयरिङ पढाइ भइरहेको जसमा आधा विद्यार्थी विदेशी र आधा नेपाली रहेको जानकारी दिनुभयो ।

त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले नर्वेको सहयोगमा त्रि.वि.ले पद्म कन्या क्याम्पसमा लैंगिक विषयमा स्नातकोत्तर तहको पढाइ संचालन गर्न सो विषयको केन्द्रीय विभाग स्थापना गरिसकेको बताउँदै नर्वेले दक्षिण दक्षिणबीच सहयोगको सोच प्रारम्भ गरेर विकास कार्यक्रमलाई गति प्रदान गरेकोमा खुशी व्यक्त गर्नुभयो ।

त्रि.वि.का रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले नर्वेको सहयोगमा संचालन भइरहेको नोमा र नुफु आयोजनाको क्षेत्रमा लागेकाहरू अझ बढी निपुण र संवेदनशील भई क्रियाशील भएमा नर्वेसँगको सहयोग अझ विस्तार हुने र फाइदा पनि अझ बढ्ने बताउँदै नेपालमा यो कार्यक्रमलाई संस्थागत ढंगले पारदर्शी रूपमा संचालन गर्नेतर्फ हामीहरू लाग्नुपर्छ भन्नुभयो ।

यसै गरी का.वि.का रजिस्ट्रार प्रा.डा.भद्रमान तुलाधरले यस्तो बैठकले नोमा र नुफु आयोजनाको समीक्षामा मात्र नभइ त्रि.वि. र का.वि.ले नर्वेको सहयोगमा संचालन गरिरहेका कार्यक्रमहरूको समेत समीक्षा गरी समन्वयात्मक रूपमा अगाडि बढ्न मदत पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो ।

त्रि.वि. वनस्पतिशास्त्र केन्द्रीय विभागका रामप्रसाद चौधरी, बी.के. सिटौलालगायतले बोल्नुभएको सो कार्यक्रमको प्रारम्भमा का.वि.का रोशनमान वज्राचार्य र त्रि.वि. वन विज्ञान अध्ययन संस्थानका मोहनकृष्ण बल्लले स्वागत मन्तव्य राख्नुभएको थियो ।

## सम्पादकीय

# शैक्षिक क्यालेन्डर कार्यान्वयनमा सहयोगको अपेक्षा

*कुनै पनि शैक्षिक संस्थामा पठन पाठन र परीक्षा नियमित गर्न निश्चित र व्यावहारिक शैक्षिक क्यालेन्डर हुनु आवश्यक छ । शैक्षिक क्यालेन्डरमात्र बनाएर पनि त्यसको दायित्व पूरा हुँदैन, यसलाई पूर्णरुपमा लागु गर्नु पर्दछ, अनिमात्र शैक्षिक क्यालेन्डरको महत्त्व हुन्छ । त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रममा नै न्युनतम कक्षाभार तोकिएको छ । उदाहरणका लागि मानविकी तथा सामाजिकशास्त्र संकायको फिल्म स्टडिज विषयको स्नातक तहमा एक शैक्षिक वर्षमा कम्तिमा १६० दिन कक्षा हुनुपर्ने उल्लेख छ । त्रिभुवन विश्वविद्यालयले यसैलाई आधार मानी शैक्षिक क्यालेन्डर बनाउदछ । हालै त्रि.वि.ले आ.व. २०६६/०६७ मा स्नातक तह प्रथम वर्षमा भर्ना सम्बन्धी सूचना सार्वजनिक गरेको छ । उक्त सूचनामा आवेदन फाराम वितरण र बुझाउने मिति २०६६ कार्तिक १५ गतेदेखि मंसिर ५ गतेसम्म र कक्षा संचालन २०६६ मंसिर ७ गतेदेखि गर्ने तालिका तोकिएको छ भने परीक्षा संचालन २०६७ साउन दोस्रो हप्तासम्ममा र परीक्षाफल प्रकाशन २०६७ मंसिर पहिलो हप्तासम्ममा गर्ने तय गरिएको छ।*

*उक्त शैक्षिक क्यालेन्डर लागु गर्न शिक्षक, कर्मचारी र विद्यार्थीहरूको उत्तिकै भूमिका हुन्छ । शिक्षकहरूले तोकिएको समयमा नै पाठ्यांशअनुसार अध्यापन पूरा गर्नु पर्दछ भने कर्मचारीहरूले पनि सो पूरा गराउन सहयोगीको भूमिका निर्वाह गर्नु पर्दछ । प्राध्यापक संगठन, कर्मचारी संगठन र विद्यार्थी संगठनहरूले पनि आफ्नो माग पूरा गराउने नाममा पठन पाठन नै बन्द गरी हडतालमा उत्रिन हुँदैन । शैक्षिक क्यालेन्डर गडबड भयो भने ३ वर्ष अवधिको शैक्षिक तह पूरा हुन ४-५ वर्ष लाग्न गई राष्ट्र, त्रि.वि. तथा विद्यार्थीवर्ग सबैलाई घाटा पर्न गएको दृष्टान्त हामीले भोगी सकेका छौं । शैक्षिक क्यालेन्डर पूर्णरुपमा लागु गर्न परीक्षा नियन्त्रण कार्यालयको पनि ठूलो भूमिका छ । तोकिएको समयमा परीक्षा लिएर समयमा नै परीक्षाफल प्रकाशन गर्न सकेन भने शैक्षिक क्यालेन्डर डांवाडोल हुन्छ । परीक्षाफल प्रकाशन गर्ने जस्तो संवेदनशील विषयमा ढिलासुस्ती नगरिकन यसमा संलग्न व्यक्तिहरूले निर्धारित तालिकाअनुसार सावधानीपूर्वक काम गर्नु पर्दछ । केही विद्यार्थीहरूले पाठ्यक्रमभन्दा बाहिरको प्रश्न सोधियो, प्रश्न लामो भयो आदि बहाना बनाई परीक्षा बिथोल्ने काम विगतमा गर्ने गरेको पाइन्छ, त्यस्तो कार्य कसैको हितमा हुँदैन र त्यसले शैक्षिक क्यालेन्डरको कार्यान्वयनमा नकारात्मक असर पार्ने भएकोले शैक्षिक क्यालेन्डर लागु गर्न सबै पक्षको उत्तिकै सहयोग आवश्यक पर्दछ ।*

## उपकुलपति स्वदेश फिर्ता

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा कोरिया र जापानका विश्वविद्यालयहरूको निमन्त्रणामा ती देशहरूको १० दिने शैक्षिक भ्रमण सम्पन्न गरी कात्तिक ९ गते स्वदेश फिर्ता हुनुभएको छ ।

भ्रमणको क्रममा उपकुलपति प्रा.डा. शर्माले कोरियाको निजी क्षेत्रमा संचालित होसियो विश्वविद्यालय र सरकारी अनुदानमा संचालित चोनबुक राष्ट्रिय विश्वविद्यालयका पदाधिकारीहरूसँग भेटघाट गरी शैक्षिक र प्राज्ञिक सहयोग आदान प्रदानसम्बन्धमा छलफल गर्नुभएको छ । सोही सिलसिलामा त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र होसियो विश्वविद्यालयका अध्यक्ष प्रा.डा. इल्कु काङले दुई विश्वविद्यालयबीच विद्यार्थी र प्राज्ञिक कार्यक्रम आदान प्रदानसम्बन्धमा एक सम्झौतापत्रमा हस्ताक्षर समेत गर्नुभएको छ ।

त्रि.वि. र चोनबुक विश्वविद्यालयबीच केही समयअगाडि आपसी सहयोगसम्बन्धमा सम्झौता भइसकेको छ। उपकुलपति प्रा.डा. शर्मा र चोनबुक विश्वविद्यालयका अध्यक्ष जियो-सुक सुहबीच सोही सम्झौता कार्यान्वयन गर्ने सहमति हालको भ्रमणको क्रममा भएको छ । सोही सम्झौताअनुसार ३ जना नेपाली विद्यार्थीलाई आगामी शैक्षिक सत्रदेखि विद्यावारिधिका लागि सो विश्वविद्यालयले छात्रवृत्ति प्रदान गर्ने भएको छ ।

यसैगरी उपकुलपति प्रा.डा. शर्माले जापानको फुकुओका विश्वविद्यालयको ७५औं वार्षिक दिवसको उपलक्ष्यमा सो विश्वविद्यालयद्वारा आयोजित 'विश्वविद्यालयहरूको विश्वव्यापी गठबन्धन र अभियान' विषयक अन्तरराष्ट्रिय सम्मेलनमा भाग लिनुभयो । भ्रमणको क्रममा उपकुलपति प्रा.डा. शर्मा र फुकुओका विश्वविद्यालयका अध्यक्ष ताकुया इतोबीच दुई विश्वविद्यालयको आपसी सहयोग अभिवृद्धि बारे छलफल भएको थियो ।

त्रिभुवन विश्वविद्यालयलगायत एसिया, युरोप, अमेरिकाका १९ वटा विश्वविद्यालयका उपकुलपति, अध्यक्ष, उपाध्यक्षहरूको सहभागिता रहेको सो सम्मेलनमा उच्च शिक्षाको गुणस्तर अभिवृद्धि र उच्च शिक्षा सम्बन्धमा विश्वमा भइरहेको गतिविधिबारे आपसमा अनुभव र विचार आदान प्रदान गर्न गठबन्धन कायम गर्न सहमति भएको थियो ।

उहाँको साथमा विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा.मुकुन्दप्रसाद गजुरेलपनि जानु भएको थियो ।

# त्रि.वि.को हुलाक टिकट प्रकाशन




सूचना तथा संचारमन्त्री शंकर पोखरेल त्रि.वि.को स्वर्ण जयन्तीको उपलक्ष्यमा हुलाक सेवा विभागद्वारा प्रकाशित ५ रुपियाँ मूल्यको हुलाक टिकटमा टाँचापछि प्रथम दिवसीय आवरणमा हस्ताक्षर गर्नुहुँदै । इन्सेटमा प्रथम दिवसीय टाँचा र आवरण । हुलाक सेवा विभागको कार्यालय सुन्धारामा भदौ २९ गते आयोजित टिकट सार्वजनिक समारोहमा त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य सहभागी हुनुभएको थियो । *(तस्वीरः त्रि.वि. सूचना शाखा)*

# सेवानिवृत्त प्राध्यापकहरू सम्मानित

काठमाडौं । नेपाल ल क्याम्पस र सो क्याम्पसको प्राध्यापक संघ एकाइको संयुक्त तत्वावधानमा क्याम्पसमा लामो समयसम्म प्राध्यापनपश्चात सेवा निवृत्त भएका प्राध्यापकहरूलाई भदौ २१ गते एक समारोहका बीच सम्मान गरिएको छ ।

उहाँहरूलाई त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले सम्मानपत्र प्रदान गर्नुभएको थियो भने शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले दोसल्ला ओढाउनुभएको थियो । त्यसैगरी रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले टीका र माला लगाइ सम्मान गर्नुभएको थियो ।

सम्मानित हुनुहुनेमा प्रा.डा. श्यामकान्त सिलवाल, प्रा. कनकविक्रम थापा, सहप्राध्यापकहरू क्रमशः श्यामप्रसाद ढुंगेल, डा. सकुन्तला उप्रेती र रामप्रसाद श्रेष्ठ, उपप्राध्यापकहरू क्रमशः सुवासचन्द्र नेम्वाङ्ग, शरदजंग शाह, शम्भु थापा र देवराज ढकाल हुनुहुन्थ्यो ।

सो समारोहलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा. शर्माले कानुनको उच्च शिक्षालाई अझ गुणस्तरीय बनाइ अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्न सक्नु पर्ने बताउनुभयो ।

कार्यक्रममा शिक्षाध्यक्ष प्रा.डा. अमात्य, रजिस्ट्रार प्रा.डा. अधिकारी, कानुन संकायका डीन प्रा.डा. अम्बरप्रसाद पन्त, तत्कालीन क्याम्पस प्रमुख कृष्ण बेलबासे, नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्यायलगायतले मन्तव्य राख्नुभएको थियो ।

त्रि.वि. प्राध्यापक संघ क्याम्पस एकाइका सभापति सहप्रा. डा. शम्भुप्रसाद खनालको सभापतित्वमा सम्पन्न सो समारोहको प्रारम्भमा एकाइ समितिका उपसभापति अम्बिकाप्रसाद कोइरालाले स्वागत मन्तव्य दिनुभएको थियो ।

# शिक्षण शुल्क वृद्धि गर्ने निर्णय र औचित्य

काठमाडौं । त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को बैठकले त्रि.वि.का आंगिक क्याम्पसहरूको शिक्षण शुल्क परिमार्जन गर्ने निर्णय गरेको छ ।

यही २०६६ साल कात्तिक १८ गतेदेखि लागू हुने गरी निर्धारण गरिएको नयाँ शुल्क व्यवस्थाअनुसार स्नातक र स्नातकोत्तर तहमा प्रवेश शुल्क वार्षिक ५ सय रुपियाँ, शिक्षण शुल्क स्नातक तहमा मासिक ५ सय र स्नातकोत्तर तहमा ७ सय रुपियाँ तथा पुस्तकालय शुल्क स्नातक तहमा वार्षिक एक सय ५० र स्नातकोत्तर तहमा वार्षिक २ सय रुपियाँ रहेको छ ।

प्रयोगशाला शुल्क, खेलकुद शुल्क, विद्यार्थी कल्याण शुल्क, विद्यार्थी युनियन शुल्क, विद्यार्थी परिचयपत्र शुल्कलगायत अन्य आवश्यक शुल्कहरू संकाय तथा अध्ययन संस्थानअन्तर्गतका क्याम्पसहरूले तोक्ने व्यवस्था गरिएको छ ।

यसैगरी पुस्तकालय, प्रयोगशाला र अन्य धरौटी आवश्यकता र औचित्यका आधारमा सम्बन्धित क्याम्पसहरूले तोक्ने छ भने त्रि.वि.का आंगिक क्याम्पसहरूमा आन्तरिक स्रोतबाट संचालन गर्ने गरी स्वीकृत कार्यक्रमहरूको सम्बन्धमा सम्बन्धित क्याम्पसहरूले निर्णय गरी तोकेबमोजिम नै हुने निर्णय पनि त्रि.वि.कार्यकारी परिषद्को बैठकले गरेको छ ।

त्रि.वि.ले पुस्तकालयमा समयानुकूल पुस्तक एवं अन्य पाठ्य सामग्री थप गर्दै सुधार गर्न, प्रयोगशालाको सुधार गरी प्रयोगात्मक कक्षा संचालन गर्न, कक्षा कोठामा आधुनिक प्रविधि प्रयोग गर्दै शिक्षण विधिको प्रभावकारिता वृद्धि गर्न, कक्षा कोठालाई आधुनिक एवं समयानुकूल तुल्याउन आवश्यक सामग्रीको व्यवस्था गर्न, क्याम्पसहरूमा क्यान्टिन, स्वच्छ खानेपानी, प्रतीक्षालय, शौचालयलगायत सुधार गर्न शिक्षण शुल्क परिमार्जन गरेको हो ।

त्रि.वि.ले बेहोर्नु पर्ने दायित्व बढे तापनि त्यसअनुरुप सरकारबाट प्राप्त हुने अनुदान आवश्यकताअनुसार नबढेकोले लगभग दुई दशकपछि पहिलोपल्ट विद्यार्थीहरूबाट उठाइने शुल्कमा नयाँ व्यवस्था गरेको हो ।

विश्वविद्यालयमा संचालित विविध कार्यक्रमहरू समयानुकूल परिमार्जन गर्न, राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिप्रेक्ष्यमा रोजगारमूलक उच्च जनशक्ति उत्पादनका लागि थप कार्यक्रमहरू संचालन गर्न, विद्यार्थीहरूका लागि शैक्षिक जानकारी तथा परामर्श प्रदान गर्न केन्द्रीय विभागहरूलाई क्रमशः सक्षम बनाउन, अन्तरराष्ट्रिय मापदण्डअनुरुप विभिन्न तहको शैक्षिक कार्यक्रमहरू र अवधि परिमार्जन एवं समायोजन गर्न त्रि.वि.ले शिक्षण शुल्क परिमार्जन गरेको छ ।

***त्रि.वि.ले बेहोर्नु पर्ने दायित्व बढे तापनि त्यसअनुरुप सरकारबाट प्राप्त हुने अनुदान आवश्यकताअनुसार नबढेकोले लगभग दुई दशकपछि पहिलोपल्ट विद्यार्थीहरूबाट उठाइने शुल्कमा नयाँ व्यवस्था गरेको हो ।***

यसैगरी वार्षिक शैक्षिक क्यालेन्डर व्यवस्थित गर्न, अध्ययन अध्यापन र परीक्षाको समयावधिलाई समन्वय गर्दै परीक्षालाई अझै मर्यादित र स्तरीय बनाउन एवं नतिजा प्रकाशन समयमै गर्न, शिक्षक तथा कर्मचारीहरूलाई उत्प्रेरित गरी पेशागतरूपमा बढी समर्पित र उत्तरदायी बनाउन, विद्यार्थीहरूलाई उपलब्ध गराउने छात्रवृत्तिको दायरा क्रमशः बढ्दै गएको सन्दर्भमा नयाँ व्यवस्था गर्न, अतिरिक्त क्रियाकलापका कार्यक्रमहरूलाई नियमित रूपमा संचालन गर्न र विद्यमान भौतिक पूर्वाधारलाई निर्माण र सुधार गर्न, क्याम्पसहरूमा छात्रावासलाई अझ व्यवस्थित गर्न, अनुसन्धान र अनुगमनलाई अझै प्रभावकारी बनाउने उद्देश्य शिक्षण शुल्क परिमार्जनको रहेको छ ।

त्रि.वि.का आंगिक क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरूबाट उठाइने शुल्क परिमार्जनबाट त्रि.वि.ले विभिन्न सकारात्मक परिणाम प्राप्त हुने अपेक्षा राखेको छ । यसअनुसार शिक्षण सामग्रीलगायत पठनपाठनसँग सम्बन्धित सामग्रीहरूमा सुधार गरी सुविधाजनक र पर्याप्त पाठ्य सामग्रीसहितको पुस्तकालयको व्यवस्था हुने, आधुनिक र स्तरीय शैक्षिक सामग्री तथा प्रयोगशालाको व्यवस्था हुने, आधुनिक सूचना प्रविधिसहितको सामग्री प्रयोगबाट अध्ययन अध्यापन अझै प्रभावकारी हुने, भौतिक सुविधामा वृद्धि भई आधुनिक, सफा कक्षा कोठा, उपयुक्त डेस्क, बेन्च, कुर्सी र बोर्डको व्यवस्थापनबाट पठनपाठनमा अनुकूलता बढ्ने, विभिन्न तह र कार्यक्रम अन्तर्गतको विद्यमान पाठ्यक्रमलाई समयानुकूल परिमार्जन गरी नयाँ विषयहरू थप हुने, विद्यार्थीका लागि शैक्षिक जानकारी तथा परामर्श प्राप्त हुने, अन्तरराष्ट्रिय मापदण्डअनुरुप शैक्षिक कार्यक्रम संचालन हुने, अध्ययन अध्यापन र परीक्षाको समयावधिको निश्चितताले गर्दा नतिजा प्रकाशन समयमै हुन मदत पुग्ने, योग्य र सक्षम जनशक्तिलाई पदीय मर्यादा अनुरुप सुविधा उपलब्ध गराउन सकिने हुँदा अन्यत्र व्यस्त हुने परिपाटीको अन्त्य हुने आशा विश्वविद्यालयले गरेको छ ।

यसैगरी हाल प्राप्त भइरहेको अनुदानमा मात्र निर्भर हुन नपर्ने भई विश्वविद्यालय आत्मनिर्भर बन्न सहयोग पुग्ने, विद्यार्थीहरूलाई प्रदान गरिने छात्रवृत्तिमा समयानुकूल परिवर्तन भई थप सुविधा उपलब्ध गराउन सकिने, अतिरिक्त क्रियाकलाप एवं बौद्धिक अभ्यासका कार्यक्रमहरू विस्तारबाट विद्यार्थीहरूलाई सक्रिय बनाउन सकिनेलगायतका परिणाम प्राप्त हुने अपेक्षा त्रि.वि.ले गरेको छ ।

# मिर्गौला केन्द्रलाई सरकारी सहयोग जारी रहने छ : *स्वास्थ्यमन्त्री*

काठमाडौं । स्वास्थ्य मन्त्री उमाकान्त चौधरीले बी.पी. कोइरालाको ९५ औं जन्मजयन्ती तथा त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत बी.पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्रको १३ औं वार्षिकोत्सवको अवसरमा नेत्र केन्द्रले भदौ २४ गते आयोजना गरेको समारोहको उद्घाटन गर्नुभयो ।

प्रमुख अतिथिको आसनबाट समारोहलाई सम्बोधन गर्दै स्वास्थ्य मन्त्री चौधरीले स्वास्थ्य मन्त्रालयले नेत्र केन्द्रका साथै त्रि.वि. भित्र मनमोहन अधिकारी, गणेशमान सिंहलगायतका व्यक्तित्वहरूको स्मृतिमा खोलिएका स्वास्थ्य सेवा केन्द्रहरूका लागि समेत सहयोग प्रदान गरिरहेको बताउनुभयो ।

स्वास्थ्य मन्त्री चौधरीले त्रि.वि. शिक्षण अस्पतालमा शुरु भएको मिर्गौला प्रत्यारोपण सेवालाई सरकारले सहयोग गरेको र यसलाई जारी राखिने वचनवद्धता व्यक्त गर्दै नीति र कार्यक्रम बनाउने काम सरकारको भएको र यसको कार्यान्वयन गर्ने काम प्राविधिक, चिकित्सक, कर्मचारीलगायत सम्बन्धित सबैको भएको बताउनुभयो ।

समारोहमा त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले त्रि.वि.लाई विदेशमा चिनाउनेमा बी.पी. लायन्स नेत्र अध्ययन केन्द्र पनि भएकोमा खुशी व्यक्त गर्दै गुणस्तरीय शिक्षा र सेवालाई केन्द्रले निरन्तरता दिनुपर्ने बताउनुभयो ।

उपकुलपति प्रा.डा.शर्माले चिकित्सासम्बन्धी त्रि.वि.का जनशक्ति र निकाय अब अनुसन्धान क्षेत्रमा समेत जानु पर्ने बताउँदै हाम्रो शिक्षा र जनशक्तिको गुणस्तरको मापन अन्तरराष्ट्रिय जर्नलमा प्रकाशन हुने लेखहरूबाट पनि हुने हुँदा अनुसन्धान सँगसँगै त्यस्ता जर्नलहरूमा समेत आफ्ना शोधहरू प्रकाशन गराउनेतिर लाग्नु पर्नेमा जोड दिनुभयो ।

रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले विश्वका विभिन्न भागमा पढ्न जाने र पढाउने जाने हाम्रै मान्छे हुन्छन्, जुन अचम्मलाग्दो भएको बताउँदै हामीले हाम्रा योग्य जनशक्तिलाई मुलुकभित्र मुलुककै लागि सदुपयोग गर्न सक्नुपर्ने बताउनुभयो ।




चिकित्सा शास्त्र अध्ययन संस्थानअन्तर्गतको बी.पी.कोइराला लायन्स नेत्र अध्ययन केन्द्रको १३ औं वार्षिकोत्सवको अवसरमा आयोजित समारोहमा स्वास्थ्यमन्त्री उमाकान्त चौधरी(बीचमा)सहित त्रि.वि.का पदाधिकारीहरू ।
*(तस्वीर: त्रि.वि. सूचना शाखा )*

कार्यक्रममा चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्रा.डा. अरुण सायमीले नेत्र केन्द्रलाई स्वास्थ्य मन्त्रालयबाट प्राप्त सहयोगको सराहना गर्दै सरकारबाट सहयोग पाएर नै चिकित्साशास्त्र अध्ययन संस्थानले शिक्षण अस्पतालमा अन्य स्वास्थ्य केन्द्रहरू स्थापना गर्न सकेको बताउनुभयो ।

वी.पी. नेत्र प्रतिष्ठानका अध्यक्ष प्रा.डा. मदनप्रसाद उपाध्यायले जनशक्तिको अभावका अतिरिक्त आर्थिक, प्राविधिक एवं स्थानको अभावकबीच यस नेत्र केन्द्र स्थापना भएकोमा हाल यसको अवस्था क्रमशः सुदृढ हुदै गएको बताउनुभयो ।

कार्यक्रममा नेत्र केन्द्रका विभागीय प्रमुख प्रा.डा. जीवनकुमार श्रेष्ठले केन्द्रका विद्यार्थीहरू मेचीदेखि महाकालीको गाउँ गाउँसम्म गएर उपचार सेवामा जुटिरहेको बताउँदै यस नेत्र केन्द्रको गुणस्तर राम्रो छ तर यसलाई कायम राख्न आर्थिकलगायत अन्य कारणले गर्दा गाह्रो भएको बताउनुभयो ।

शिक्षण अस्पताल महाराजगंजका कार्यकारी निर्देशक प्रा.डा. केशवप्रसाद सिंहले नेत्र केन्द्रको प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपालका वरिष्ठ नेत्र रोग विशेषज्ञ प्रा.डा. रामप्रसाद पोखरेलले सन् १९८१ को एक सर्वेक्षणाले त्यसबेलासम्म नेपालमा आँखा सम्बन्धी डाक्टर नै नभएको देखाएको उल्लेख गर्दै विदेशबाट सम्बन्धित डाक्टर आएपछि र विभिन्न तालिमको व्यवस्था गरेपछि मात्र नेपालमा आँखाको उपचार सेवा क्षेत्रमा सुधार आएको बताउनुभयो ।

नेत्र अध्ययन केन्द्रका कार्यकारी निर्देशक प्रा.डा. देवनारायण साहले विगत एक वर्षमा १ लाख २ हजार विरामीलाई यस केन्द्रले उपचार सेवा पुऱ्याएको बताउँदै केन्द्रको सेवालाई अझ गुणस्तरीय र दिगो बनाउन आर्थिक, प्राविधिक लगायतको सहयोग आवश्यक भएको उल्लेख गर्नुभयो ।

उक्त कार्यक्रममा स्वास्थ्यमन्त्री चौधरीले नेत्र केन्द्रमा उत्कृष्ट सेवा पुऱ्याउने कर्मचारीलगायत सहयोगी संस्थालाई पुरस्कार वितरण गर्नुका साथै केन्द्रको वेबसाइट अनावरण गर्नुभएको थियो भने उपकुलपति प्रा.डा. शर्माले केन्द्रका विद्यार्थीहरूबाट प्रकाशित 'दि साइट'नामक जर्नल विमोचन गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा सहप्राध्यापक आनन्दकुमार शर्माले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# चिकित्साशास्त्र अध्ययन संस्थानको ३८औं वार्षिकोत्सव सम्पन्न



उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा चिकित्साशास्त्र अध्ययन संस्थानको ३८औं वार्षिकोत्सवको उपलक्ष्यमा सो अध्ययन संस्थानका शिक्षक र कर्मचारीहरूलाई सम्मान गर्नुहुँदै । *(तस्वीरः त्रि.वि. सूचना शाखा )*

काठमाडौं । त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानको ३८औं वार्षिकोत्सव कात्तिक १३ गते एक समारोहको आयोजना गरी मनाइएको छ ।

समारोहमा त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले अध्ययन संस्थान र त्यसअन्तर्गका विभिन्न निकायमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई उहाँहरूको उत्कृष्ट सेवाको कदर गर्दै दोसल्ला ओढाएर सम्मान गर्नुका साथै उमेरका हदले सेवाबाट अनिवार्य अवकाश पाएका शिक्षक तथा कर्मचारीहरूलाई कदर पत्र र एनेस्थेसियोलोजी विषयको स्नातकोत्तर तहमा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीहरूलाई नगद पुरस्कार प्रदान गर्नुभएको थियो ।

समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले चिकित्साशास्त्र अध्ययन संस्थानको पढाइ तथा सेवा दुवै गुणस्तरीय भएकाले यहाँ अध्ययन गरेका स्वदेशी तथा विदेशी विद्यार्थीहरूले अध्ययनपछि आफ्नो सेवा स्वदेश र विदेशमा समेत पुऱ्याएर यस अध्ययन संस्थानको मात्रै नभइ त्रिभुवन विश्वविद्यालयको समेत नाम फैलाइरहेको बताउनुभयो ।

उहाँले विश्वमा अहिले विश्वस्तरको विश्वविद्यालय खोल्ने रहर चलिरहेको बताउँदै त्यसका लागि सबैभन्दा पहिलो कुरा शिक्षण संस्थाले विदेशी विद्यार्थीलाई आफूतिर आकर्षित गर्न सक्नुपर्ने छ भने अन्तर्राष्ट्रिय पत्रिका, जर्नलआदिमा सो शिक्षण संस्थाका प्राध्यापक र अनुसन्धानकर्ताहरूका अनुसन्धानात्मक लेखहरू कति प्रकाशित भइरहेका छन् भने कुरा पनि त्यसको अर्को आधारको रूपमा लिइने गरिएको सन्दर्भमा चिकित्सा अध्ययन संस्थानमा विदेशबाट धेरै संख्यामा विद्यार्थीहरू पढ्न आउन थालेकाले यसमा त्यो खुबी देखिएको चर्चा गर्नुभयो ।

सभापतिको आसनबाट डीन प्रा.डा. अरुण सायमीले ३८ वर्षअगाडि हेल्थ असिस्टेन्टको कोर्सबाट शुरू भएको यस अध्ययन संस्थानले हाल एमसीएच तहसम्मका पढाइ संचालन गरिरहेको र निकट भविष्यमै चिकित्सामा डीएम, नर्सिङ र सूक्ष्म जीव विज्ञानमा पीएच.डी तथा दन्त विषयमा पोस्ट ग्रेजुयट कार्यक्रम थाल्ने लक्ष्य लिएको छ । अध्ययन संस्थानले प्रारम्भिक लक्ष्य बमोजिम शिक्षण र अनुसन्धानसँगसँगै चिकित्सा सेवा क्षेत्रमा नेपालमै सबैभन्दा पहिले मिर्गौला प्रत्यारोपण सेवा एक वर्ष अगाडि शुरू गरी हालसम्म ३०/३५ जनालाई सो सेवा सफलतापूर्वक सम्पन्न गर्न सक्नुलाई महत्त्वपूर्ण उपलब्धिको रूपमा लिन सकिने बताउँदै डीन प्रा.डा. सायमीले यसै वर्षभित्र शिक्षण अस्पतालमा नेपाल सरकारको अनुदानमा एम.आर.आई.उपकरण र डिजिटल एक्सरे उपकरण जडान गर्ने तयारी भइरहेको जानकारी दिनुभयो ।

सहायक डीन डा. रतिन्द्रनाथ श्रेष्ठले अध्ययन संस्थानको वार्षिक कार्य विवरण प्रस्तुत गर्दै चिकित्सा विषयमा अनुसन्धान कार्यक्रम थाल्न चालू वर्षमा एक करोड रुपियाँको कोष खडा गरिएको र मेडिकल एजुकेशन विभागलाई राष्ट्रिय मेडिकल एजुकेशन केन्द्रमा स्थापना गर्न कार्यविधि तयार गरी कार्यान्वयनको चरणमा रहेको जानकारी दिनुभयो ।

महाराजगंज क्याम्पसका प्रमुख प्रा.डा. रामप्रसाद उप्रेतीले आजको २१औं

*(बाँकी पृष्ठ ९ मा)*

# पाँच क्याम्पसलाई सूचना प्रविधि उपकरण सहयोग

भक्तपुर । त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले त्रि.वि.ले अब झन उत्कृष्ट शिक्षा दिई संयुक्त राज्य अमेरिकाको शिक्षा सरह गुणस्तरीय बनाउन सक्नुपर्ने बताउनुभएको छ ।

त्रि.वि. शिक्षाशास्त्र संकाय र शिक्षा मन्त्रालयअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रबीच विशेष सहकार्य अन्तर्गत क्षेत्रीय स्तरका शिक्षा क्याम्पसहरूमा सूचना प्रविधियुक्त प्रयोगशालाहरू स्थापना गर्न भदौ २५ गते आयोजित उपकरण हस्तान्तरण समारोहमा उपकुलपति प्रा.डा. शर्माले उक्त कुरा बताउनुभएको हो ।

विद्यालयहरूका लागि उच्च गुणस्तरीय र आधुनिक प्रविधिको ज्ञानयुक्त शिक्षक तयार पार्ने लक्ष्यले शिक्षाशास्त्र संकायअन्तर्गतका ५वटा क्षेत्रीय क्याम्पसहरूमा सूचना-प्रविधि प्रगोगशाला स्थापना गर्न केन्द्रले कम्प्युटर, भिडियो क्यामेरा, डिजिटल क्यामेरालगायत १६ थरीका इलेक्ट्रोनिक उपकरणहरू सहयोगस्वरुप प्रदान गरेको छ । केन्द्रले प्रदान गरेका ती उपकरणहरू सोही समारोहमा क्याम्पसहरूलाई हस्तान्तरण गरिएको थियो ।

समारोहमा उपकुलपति प्रा.डा. शर्माले विश्वमा सूचना र प्रविधि क्षेत्र द्रुत गतिमा अगाडि बढिरहेको हुँदा समस्त विश्व एक सानो गाउँमा परिणत भइसकेको बताउँदै शिक्षण संस्थाहरूले भोलिको संसारको आवश्यकता कस्तो हुन्छ त्यसलाई सोचेर जनशक्ति उत्पादन गर्न सक्नुपर्ने चुनौती आएको छ भन्नुभयो ।

उहाँले शिक्षाशास्त्र संकायका पाठ्यक्रमहरूलाई समयानुकूल बनाउँदै राष्ट्र र जनताका लागि बढीभन्दा बढी उपयोगी बनाउँदै लग्नुपर्ने आवश्यकता औंल्याउँदै संकाय र शिक्षा मन्त्रालयको शैक्षिक जनशक्ति विकास केन्द्रबीचको यस किसिमको सहकार्यले संकायको शैक्षिक कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न सघाउने विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा शैक्षिक जनशक्ति विकास केन्द्रका कार्यकारी निर्देशक हर्कप्रसाद श्रेष्ठले विश्वका धेरै देशमा शिक्षा मन्त्रालयअन्तर्गत शिक्षाशास्त्र संकाय संचालन हुने गरेको बताउँदै नेपालमा यस्तो संकायलाई गर्नु, विद्यालयमा सूचना प्रविधि विषय अध्यापन गराउने शिक्षक अभाव हटाउनु, स्नातक तहको शिक्षक तयारी कोर्सलाई ३ वर्ष बनाउन पहल गर्नुलगायत रहेको जानकारी गराउनुभयो ।




उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा (बायाँ) उपकरण हस्तान्तरण समारोहलाई सम्बोधन गर्नुहुँदै । *(तस्वीरः त्रि.वि. सूचना शाखा )*

विश्वविद्यालयको एक अंगको रूपमा संचालन गरिएको कारण यसको दायरा सीमित भएको बताउनुभयो ।

उहाँले शिक्षाका क्याम्पसहरूलाई उपकरण हस्तान्तरण आपसी सहकार्यको सानो शुरुआत मात्र भएको बताउँदै उपकरण प्राप्त गर्ने ५वटै क्याम्पसमा उपकरण प्रयोगमा सहयोग पुर्‍याउन केन्द्रले प्राविधिकहरू पठाउने जानकारी दिनुभयो ।

कार्यक्रममा शिक्षाशास्त्र संकायका डीन प्रा.डा. प्रकाशमान श्रेष्ठले शिक्षकहरूका लागि कम्प्युटरको ज्ञान आजको सन्दर्भमा अति आवश्यक भइसकेको अवस्थामा केन्द्रको यस सहयोग निकै महत्त्वपूर्ण रहेको बताउँदै संकाय र केन्द्रबीचको सहकार्यको मूल उद्देश्य शिक्षाशास्त्रको प्रवीणता प्रमाणपत्र तह र स्नातक तहको पाठ्यक्रममा परिमार्जन

केन्द्रका उपनिर्देशक शिवप्रसाद सापकोटाले त्रि.वि. अन्य विधाका साथै शिक्षाशास्त्रतर्फका जनशक्ति उत्पादन गर्ने ठूलो निकाय भए झैं शिक्षा मन्त्रालय उक्त जनशक्ति खपत गर्ने निकाय भएकोले मन्त्रालय विशेष शिक्षक प्रशिक्षण संचालन गर्ने सोचमा रहेको बताउनुभयो ।

कार्यक्रममा केन्द्रका अर्का उपनिर्देशक कमलप्रसाद पोखरेल, केन्द्रकै उपसचिव सुरेन्द्र जोशी, उपकरण प्राप्त गर्ने क्याम्पसमध्येका सुर्खेत क्याम्पसका प्रमुख बालाराम खड्कालगायतले मन्तव्य राख्नुभएको थियो ।

उपकरण प्राप्त गर्ने अन्य क्याम्पसहरूमा सिरहास्थित सूर्यनारायण सत्यनारायण मोरवैता यादव क्याम्पस, बुटवल क्याम्पस, डडेलधुरा क्याम्पस र सानोठिमी क्याम्पस रहेका छन् ।

# गणित केन्द्रीय विभागको स्वर्ण जयन्ती मनाइयो



गणित केन्द्रीय विभागको स्वर्ण जयन्तीको उपलक्ष्यमा विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. मुकुन्द गजुरेल सो विभागका कर्मचारीलाई पुरस्कार प्रदान गर्नुहुँदै । *(तस्वीर: त्रि.वि. सूचना शाखा)*

काठमाडौं। गणित केन्द्रीय विभागको स्वर्ण जयन्ती एक समारोहको आयोजना गरी असोज ४ गते मनाइएको छ ।

केन्द्रीय विभाग र नेपाल गणित समाजद्वारा संयुक्त रूपमा आयोजित सो समारोहको विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. मुकुन्द गजुरेलले गर्नुभएको थियो ।

सो अवसरमा डीन प्रा.डा. गजुरेलले प्रमुख आसनबाट बोल्दै गणित केन्द्रीय विभागले गणित विषयको स्नातकोत्तर तहमा विदेशी विद्यार्थीहरूलाई पढ्न आउन आकर्षित गर्नुपर्ने र यसका लागि सबैभन्दा पहिले पढाइको गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ भन्नुभयो ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रा.डा. होमनाथ भट्टराइले ५० वर्षअघि विनापूर्वाधार खुलेको गणित केन्द्रीय विभागमा पढेर तयार भएका गणितका शिक्षकहरूले अहिलेको अत्याधुनिक प्रविधिसहितको गणितको अध्यापनका लागि आफूलाई अद्यावधिक गर्न सक्नु खुशीको कुरा भएको बताउँदै केन्द्रीय विभाग ५० वर्षको परिपक्व उमेरमा पुगिसकेको भए तापनि समयको माग र आवश्यकताअनुसार अध्ययन अध्यापनको कार्यलाई अगाडि बढाउने दिशामा यसले ५० वर्षको अनुभवलाई उपयोग गर्न नसकेको टिप्पणी गर्नुभयो ।

काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार एवं नेपाल गणित समाजका सभापति प्रा.डा. भद्रमान तुलाधरले नेपालमा गणित शिक्षा विकासका लागि समाजले सक्रियता देखाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सभापतिको आसनबाट केन्द्रीय विभाग प्रमुख प्रा. यादव कोइरालाले संस्थाको विकासमा कुनै एक्लैले भन्दा पनि सामूहिक लगनशीलता, क्रियाशीलता र प्रतिबद्धताको खाँचो पर्ने र यो विभागको विकासमा पनि धेरै हस्तीहरूको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो ।

केन्द्रीय विभागमा उत्कृष्ट सेवा पुऱ्याउने कर्मचारीलाई नगद पुरस्कारसमेत प्रदान गरिएको सो समारोहमा विज्ञान सहायक डीन प्रा.डा. मदन कोइराला, त्रि.वि.का पूर्व शिक्षाध्यक्ष प्रा.डा. राममान श्रेष्ठ, विभागका पूर्व प्रमुख प्रा.डा. शंकरराज पन्त, विभागका शिक्षकहरू केशव सिटौला र डा. केदारनाथ उप्रेतीले पनि आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

# विभागीय प्रमुखहरूको नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभागीय प्रमुख पदमा निम्नअनुसार नियुक्त गरेको छ :

| नियुक्त हुनेको नाम | कार्यालय | नियुक्ति लागु मिति |
|---|---|---|
| श्री केदारप्रसाद रिजाल | वातावरण विज्ञान केन्द्रीय विभाग,कीर्तिपुर | २०६६।५।७ |
| प्रा.डा. प्रेमसिंह विष्ट | जनसंख्या अध्ययन केन्द्रीय विभाग,कीर्तिपुर | २०६६।५।७ |
| श्री धनबहादुर कार्की | केन्द्रीय प्रविधि क्याम्पस केन्द्रीय विभाग, धरान | २०६६।५।२१ |
| डा. मिलनरत्न शाक्य | बौद्ध अध्ययन केन्द्रीय विभाग,कीर्तिपुर | २०६६।५।२१ |
| प्रा.डा.अजयविक्रम स्थापित | तथ्यांकशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०६६।७।२६ |

# समितिद्वारा प्रतिवेदन पेश



रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारी (दायाँ) परीक्षा प्रणाली सुधार सुझाव समितिका संयोजक प्रा.डा. नवराज कणेलद्वारा प्रस्तुत समितिको प्रतिवेदन ग्रहण गर्नुहुँदै । *(तस्वीरः त्रि.वि. सूचना शाखा)*

काठमाडौं । त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयद्वारा संचालन गरिने परीक्षामा समयानुकुल सुधार तथा परीक्षा शुल्क, सेवा र सुविधालाई अद्यावधिक गर्न गठित उच्चस्तरीय समितिले त्रि.वि.का रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीसमक्ष कात्तिक २२ गते प्रतिवेदन बुझाएको छ ।

त्रि.वि.ले मानविकी तथा सामाजिक शास्त्र संकायका डीन प्रा.डा. नवराज कणेलको संयोजकत्वमा एक वर्ष अगाडि गठन गरेको परीक्षा प्रणाली सुधार सुझावसम्बन्धी सो समितिका सदस्यहरूमा व्यवस्थापन संकायका डीन प्रा.डा. गोविन्दप्रसाद आचार्य, शिक्षाशास्त्र संकायका डीन प्रा.डा. प्रकाशमान श्रेष्ठ, अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रका निर्देशक कृष्ण बेलबासे, मदन भण्डारी मेमोरियल कलेजका चैतन्य शर्मा, शिक्षाशास्त्र केन्द्रीय विभागका प्रा.विजय सिलवाल र अनुगमन समितिका विपिनध्वज कार्की रहनुभएको थियो भने परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक दयामान कर्माचार्य सदस्य सचिव रहनुभएको थियो ।

**चिकित्साशास्त्रको ३८ औं....**

शताब्दीमा पनि नेपालमा झाडापखालाबाट हालै कैयौं व्यक्तिको मृत्यु हुनु नेपालको चिकित्सा क्षेत्रका लागि लज्जास्पद भएको बताउँदै भविष्यमा यस्ता सामान्य कारणबाट कोही पनि नेपाली जनताको मृत्यु नहोस् भन्नाका लागि नेपालमा स्कुल अफ पब्लिक हेल्थ स्थापना गरी स्वदेशी तथा विदेशी विद्यार्थीहरूलाई संलग्न गराउनु जरुरी भइसकेको छ र मुलुकको स्वास्थ्य बजेटको आधा भाग यसमा लगाउनु पर्छ भन्नुभयो ।

सहायक डीन श्रीमती कान्तिलता भण्डारीले कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य दिँदै २०२९ सालअघिसम्म स्वास्थ्यसम्बन्धी सबै कार्यक्रम र तालिमहरू सरकारी निकायबाट संचालन हुन्थ्यो भने नयाँ शिक्षा पद्धति योजना आएपछि त्रि.वि.को चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत संचालन हुन थालेको र यो अध्ययन संस्थान तीव्ररूपमा अगाडि बढिरहेको बताउदैं ३७ वर्षको अवधिभित्र यो संस्थानले अनेक आरोह अवरोह पार गर्दै हाल स्वास्थ्यसम्बन्धी ४५ वटा कार्यक्रम संचालन गरिरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा अर्का सहायक डीन डा. वशिष्टप्रसाद रिजालले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# श्रद्धान्जली सभा

काठमाडौं । त्रि.वि. इतिहास केन्द्रीय विभाग र नेपाल र एसियाली अनुसन्धान केन्द (सिनास)को इतिहास-संस्कृति विभागको संयुक्त तत्वावधानमा नेपाली इतिहास-संस्कृतिका विशिष्ट अन्वेषक स्व. लुडविग एफ. स्टीलरको सम्झनामा भदौ ३० गते एक श्रद्धान्जली सभा आयोजना गरिएको छ ।

सिनासका कार्यकारी निर्देशक प्रा.डा. यज्ञप्रसाद अधिकारीको सभापतित्वमा सिनासको सभाकक्षमा भएको सो सभामा प्रा.डा. तीर्थप्रसाद मिश्र, डा. घनश्याम भट्टराई र प्रा.डा. प्रेमरमण उप्रेतीले स्व. स्टीलरसम्बन्धमा संस्मरणात्मक कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो ।

## त्रिवि बुलेटिन वेबसाइटमा

**त्रिभुवन विश्वविद्यालय सूचना शाखाबाट प्रकाशित त्रिवि बुलेटिन वेबसाइटमा उपलब्ध छ :**

**www.tribhuvan-university.edu.np**

# पुस्तकालयलाई नयाँ प्रविधियुक्त बनाउनु पर्नेमा जोड

काठमाडौं । त्रि.वि. केन्द्रीय पुस्तकालयद्वारा आयोजित कोहासम्बन्धी ३ दिने तालिम कार्यक्रम भदौ २६ गते सम्पन्न भएको छ।

सोही अवसरमा आयोजित समापन समारोहमा त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले तालिम कार्यक्रममा सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

त्यस अवसरमा शिक्षाध्यक्ष प्रा.डा सूर्यलाल अमात्यले ज्ञान र प्रविधि अहिले अत्यन्त तीव्र गतिमा अगाडि बढिरहेकाले यस क्षेत्रमा काम गर्नेले आफूलाई अद्यावधिक राख्न सकेमा नै समयको दौडसँग कदम मिलाउन सक्ने बताउनुभयो ।

केन्द्रीय पुस्तकालयका प्रमुख कृष्णमणि भण्डारीले सभापतिको आसनबाट बोल्दै पुस्तकालयमा काम गर्ने प्रत्येक कर्मचारीको आ-आफ्नो ठाउँमा महत्त्वपूर्ण भूमिका रहने र एक जनाको अभावमा सेवाको प्रभावकारितामै असर पर्न सक्ने भएकाले सबैबाट उत्साहका साथ काम भएमा पुस्तकालयलाई नयाँ नयाँ प्रविधियुक्त बनाइ प्रभावकारी सेवा उपलब्ध गराउन सकिने बताउनुभयो ।




शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य त्रि.वि. केन्द्रीय पुस्तकालयद्वारा आयोजित कोहासम्बन्धी तालिम कार्यक्रमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुहुँदै । *(तस्वीर: त्रि.वि. सूचना शाखा)*

केन्द्रीय पुस्तकालयका कर्मचारीहरूका साथै नेपालका विभिन्न विश्वविद्यालय र संघ संस्थाका पुस्तकालयमा काम गर्ने लगभग १८ जना कर्मचारीको सहभागिता रहेको को समापन समारोहमा नेपाल कलेज अफ इन्फर्मेसन टेक्नोलोजीका प्रिन्सिपल राजेन्द्र अधिकारी, पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका सह प्राध्यापक मोहनराज प्रधान र सहभागीहरूका तर्फबाट विनोदकुमार यादवले आ-आफ्नो भनाइ राख्नुभएको थियो ।

पुस्तकालय सेवालाई अत्याधुनिक प्रविधियुक्त बनाइ विश्वका कुना कुनामा छिटो छरितो उपलब्ध गराउन न्युजिल्यान्डमा निर्मित कम्प्युटर सफ्टवेयरलाई कोहा भनिएको सो तालिम कार्यक्रममा जानकारी दिइएको थियो ।

# क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखहरूको नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसका प्रमुख र सहायक प्रमुख पदमा निम्नअनुसार नियुक्त गरेको छ :

| नियुक्त हुनेको नाम | पद | क्याम्पस | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री केशव पोखरेल"पहाडी" | क्याम्पस प्रमुख | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | २०६६।७।२९ |
| श्री जावेद आलाम | ,, | पूर्वाञ्चल क्याम्पस,धरान | ,, |
| डा. रामजी गौतम | स.क्याम्पस प्रमुख | भैरहवा बहुमुखी क्याम्पस,भैरहवा | २०६६।५।२५ |
| श्री जनक महतो | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,बीरगञ्ज | ,, |
| श्री रामनाथ उपाध्याय | ,, | मेची बहुमुखी क्याम्पस,भद्रपुर,झापा | ,, |
| श्री शारदा नन्द झा | ,, | ,, | ,, |
| श्री होमप्रसाद सिटौला | ,, | ,, | ,, |
| श्री सीताराम साह | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,बीरगंज | २०६६।६।१८ |

# प्राध्यापक पदमा नियुक्ति

**त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई त्रि.वि. सेवा आयोगको सिफारिशमा निम्नअनुसार नियुक्त गरेको छः**

**पदः प्राध्यापक**

| | | | |
|---|---|---|---|
| डा. देवेन्द्रप्रसाद श्रेष्ठ | अर्थशास्त्र | अर्थशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०६५।१२।२८ |
| डा. शान्ता सिंह | अर्थशास्त्र शिक्षा | महेन्द्ररत्न बहुमुखी क्याम्पस,ताहाचल | २०६६।२।२५ |
| डा. महेशराज दाहाल | ,, | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| डा. ध्रुवराज शिवाकोटी | ,, | ,, | ,, |
| श्री राजेन्द्रगोपाल श्रेष्ठ | व्यावसायिक अर्थशास्त्र | नेपाल कमर्श क्याम्पस,मीनभवन | २०६६।१।२० |
| श्री स्नेहलता काफ्ले | ,, | शंकरदेव क्याम्पस,रामशाहपथ | ,, |
| डा. राजनबहादुर पौडेल | व्यवस्थापन | पब्लिकयुथ क्याम्पस,धोविचौर | २०६६।१।७ |
| डा. हरिप्रसाद श्रेष्ठ | ,, | ,, | ,, |
| डा. गौरीराज शर्मा | ,, | ,, | ,, |
| डा. रमेशचन्द्र चित्रकार | ,, | आर्थिक विकास तथा प्रशासन अ.केन्द्र | ,, |
| डा. कमलदिप ढकाल | ,, | शंकरदेव क्याम्पस,रामशाहपथ | ,, |
| डा. गीता प्रधान | ,, | ,, | ,, |
| डा. महेन्द्रप्रसाद श्रेष्ठ | ,, | ,, | ,, |
| डा.बालकृष्ण श्रेष्ठ | ,, | व्यवस्थापन केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| डा. राजेन्द्रप्रसाद श्रेष्ठ | ,, | सरस्वती बहुमुखी क्याम्पस,लेखनाथमार्ग | ,, |
| डा. पुष्पराज कडेल | ,, | ,, | ,, |
| डा. केशरजंग बराल | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| डा. वेदनाथ शर्मा | ,, | ,, | ,, |
| श्री शिवप्रसाद मुनकर्मी | ,, | नेपाल कमर्श क्याम्पस,मीनभवन | ,, |
| डा. यादवराज कोईराला | ,, | स्नातकोत्तर क्याम्पस,विराटनगर | ,, |
| डा. माधवबहादुर श्रेष्ठ | ,, | ,, | ,, |
| डा. दुर्गानन्द चौधरी | ,, | महेन्द्र मो.आ.बहुमुखी क्याम्पस,विराटनगर | ,, |
| डा. शैलेन्द्रलाल कर्ण | ,, | रामस्वरूप रामसागर ब.क्याम्पस,जनकपुर | ,, |
| डा. नीलप्रसाद तिम्सीना | ,, | मेची बहुमुखी क्याम्पस,भद्रपुर | ,, |
| डा. श्रीकृष्ण श्रेष्ठ | ,, | जनप्रशासन क्याम्पस,जमल | ,, |
| श्री ताराबहादुर निरौला | ,, | महेन्द्र बहुमुखी क्याम्पस,धरान | २०६६।१।१५ |
| श्री महेन्द्र गोपाल श्रेष्ठ | ,, | शंकरदेव क्याम्पस,रामशाहपथ | ,, |
| डा. जगदीशनारायण मानन्धर | राजनीतिशास्त्र शिक्षा | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०६६।३।१४ |
| डा. दामोदर ज्ञवाली | भूगोल शिक्षा | ,, | २०६६।२।२७ |
| डा. विश्व श्रेष्ठ | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| डा. नरेन्द्रराज खनाल | भूगोल | भूगोल केन्द्रीय विभाग,कीर्तिपुर | २०६६।१।१० |
| डा.केदार बस्नेत | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| डा. देवेन्द्रबहादुर लामिछाने | ,, | ,, | ,, |
| डा. चन्द्रबहादुर थापा | इतिहास शिक्षा | ,, | २०६६।२।२९ |
| श्री रामहरी अधिकारी | ,, | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| डा.अञ्जना सिंह | माईक्रोवायोलोजी | माईक्रोबायोलोजी केन्द्रीय विभाग,कीर्तिपुर | २०६६।१।२५ |
| डा.श्रीकान्त अधिकारी | ,, | ,, | ,, |
| डा. प्रदीपकुमार भट्टराई | भौतिकशास्त्र | पद्मकन्या बहुमुखी क्याम्पस,बागवजार | २०६६।१।१३ |
| डा. रमेशनारायण त्रिपाठी | ,, | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | ,, |
| डा जीवनज्योति नकर्मी | ,, | भौतिकशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| डा. विमलप्रसाद कार्की | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छ:

| शिक्षक/कर्मचारीको नाम | कार्यालयको नाम | पद | अवकाश लागु मिति |
|---|---|---|---|
| श्री जसकली थापा | पक्लिहवा क्याम्पस,भैरहवा | कामदार | २०६६।३।२ |
| श्री मंगल झा | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | सह प्राध्यापक | २०६६।३।२८ |
| श्रीमती शकुन्तला उप्रेती | नेपाल ल क्याम्पस,प्रदर्शनीमार्ग | सह प्राध्यापक | २०६६।४।२२ |
| डा. भद्ररत्न वज्राचार्य | ईतिहास केन्द्रीय विभाग,कीर्तिपुर | सह प्राध्यापक | २०६६।५।७ |
| श्री हिरण्यलाल कर्माचार्य | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | सहप्राध्यापक | २०६६।५।२७ |
| डा. तुलसीप्रसाद पाठक | रसायनशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६६।५।१६ |
| श्री माधवप्रसाद शर्मा भट्ट | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | सह प्राध्यापक | २०६६।५।१६ |
| श्री पदमबहादुर बस्नेत | भोजपुर बहुमुखी क्याम्पस,भोजपुर | सि.पियन | २०६६।५।१६ |
| श्री परशुराम भगत थारू | म.मो.आ.ब.क्याम्पस,विराटनगर | सह प्राध्यापक | २०६६।६।१ |
| श्री नारायण जोशी किरण | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | सह प्राध्यापक | २०६६।६।९ |
| डा. जयकृष्ण श्रेष्ठ | रसायनशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६६।६।१५ |
| डा. रामप्रसाद उपाध्याय | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६६।६।२४ |
| श्री शारदाप्रसाद अधिकारी | महेन्द्र बहुमुखी क्याम्पस,धरान | सह प्राध्यापक | २०६६।६।२१ |
| श्री गोपालविक्रम भण्डारी | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | सह प्राध्यापक | २०६६।६।२१ |
| श्री बद्रीनाथ श्रेष्ठ | केन्द्रीय प्रविधि क्याम्पस,धरान | सह प्राध्यापक | २०६६।७।१ |
| डा. योगेन्द्रप्रसाद यादव | भाषा विज्ञान के.विभाग,कीर्तिपुर | प्राध्यापक | २०६६।७।३ |
| डा. बसन्तकुमार थापा | प्राणीशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६६।७।१५ |
| डा. पुरूषोत्तमप्रसाद वास्कोटा | सामाजिक अध्ययन के.विभाग,कीर्तिपुर | प्राध्यापक | २०६६।७।१५ |
| श्री क्षेत्रलाल कायस्थ | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | सहायक प्रशासक | २०६६।७।१६ |
| श्री तुलसीमान तपोल | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | सह प्राध्यापक | २०६६।७।१८ |
| श्रीमती निर्मला रेग्मी | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | सह प्राध्यापक | २०६६।७।२४ |
| डा. हरिन्दर थपलिया | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | प्राध्यापक | २०६६।७।२७ |

**प्रकाशक** : सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६
**E-mail** : tuinformation@yahoo.com
**Website** : www.tribhuvan-university.edu.np
**सम्पादक** : प्रेमकृष्ण चित्रकार
**सहायक सम्पादक** : राजेश वज्राचार्य
**कम्प्युटर सेटिंग** : पद्मरत्न चित्रकार
**मुद्रक** : त्रि.वि. छापाखाना, कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१